# मन्थली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

राजश्व ठेक्का सूचना नं. ५/२०८०-०८१
प्रकाशित मितिः २०८०/११/०३

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२)(घ) अनुसार यस मन्थली नगरपालिकाद्वारा निर्मित मन्थली नगरपालिका वडा नं. १ हाटेचौरमा रहेको तीनलाल पर्यटकीय पार्क संचालनका लागि सिलवन्दी बोलपत्र मार्फत चालु आ.व. २०८०/०८१ देखि आ.व. २०९०/०९१ सम्म १० बर्षका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले मन्थली नगरपालिकाको आर्थिक ऐन २०८० को अधीनमा रही उक्त पार्क संचालन गर्नका लागि स्थायी लेखा नम्वर लिएका इच्छुक व्यक्ति, संस्था, कम्पनी वा फर्महरुलाई देहायका शर्त तथा बन्देजहरुको अधीनमा रही सिलवन्दी बोलपत्र पेश गर्नुहुन यो १५(पन्ध्र) दिने सूचना प्रकाशित गरीएको छ ।

**ठेक्काको विवरणः**

| राजश्व सुचना नं. | विवरण | न्युनतम कवोल अंक ( भ्याट बाहेक) | बोलपत्र दस्तुर | धरौटी रकम | बोलपत्र खरिदको अन्तिम मिति | बोलपत्र दर्ता अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| ५-२०८०/०८१ | तीनलाल पर्यटकीय पार्क संचालन तथा व्यवस्थापन | प्रतिवर्ष रु. १०,००,०००/- | ३,०००/- | कवोल अंकको ५ प्रतिशत | २०८०/११/१७ | २०८०/११/१८ गते दिनको १२ बजेसम्म |

**शर्त तथा बन्देजहरु:**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताहरुले माथि उल्लेखित राजश्व दस्तुर (पछि फिर्ता नहुने) यस कार्यालयको राजश्व शाखामा बुझाई नगदी रसिद वा राष्ट्रिय वाणिज्य बैंक मन्थलीमा रहेको आन्तरिक राजश्व खाता नं १६८०१००३०१०१०००२ मा जम्मा गरी बैंक भौचर, नागरिकताको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपी तथा फर्म वा संस्थाहरुको हकमा चालु आ..व २०८०/०८१ को नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ. कर दर्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न गरी बोलपत्र सूचना फारम मन्थली नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरी खरिद गर्न सकिनेछ ।

२. न्यूनतम ठेक्का रकम वार्षिक रु.१०,००,०००/- ( दश लाख मात्र मु.अ.क. बाहेक)हुनेछ र नियमानुसार ठेक्का सम्झौता गर्ने पक्षले कबोल वार्षिक ठेक्का रकमको प्रत्येक २/२ वर्षमा १० प्रतिशतका दरले चक्रीय दरमा ठेक्का वापतको रकम बृद्धि हुदै जानेछ ।

३. ठेक्का लिन इच्छुक बोलपत्रदाताले कवोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी राख्नुपर्नेछ । धरौटी बापतको रकम मन्थली नगरपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक मन्थलीमा रहेको धरौटी खाता नं. १६८०१००३०३००००२ मा जम्मा गरी सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० दिन म्याद कायम भएको विड सेक्युरिटी संलग्न गरी सूचना प्रकासित भएको मितिको १६ औं दिन दिनको १२:०० बजेसम्म दर्ता गरी सक्नुपर्नेछ र सोही दिन दिनको २ बजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिनेछ ।

४. सिलबन्दी बोलपत्र खोल्ने समयसम्म बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद वा दर्ता हुने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयभित्र खरिद तथा दर्ता क्रमशः गर्न सकिनेछ ।

६. चालु आ.व. २०८०/०८१ को हकमा सम्झौता भएको मितिले तोकिएको रकम मासिक रुपमा हिसाब गरी भुक्तानी गर्नुपर्ने छ ।

७. एक आर्थिक बर्ष समाप्त भएपछि अर्को आ.व. को लागि यस कार्यालयसँग पुनः कार्यादेश लिएर मात्र कार्य गर्नुपर्नेछ साथै पुनः अर्को आ.व. को लागि कम्तिमा १ बर्ष समय अवधि भएको बैंक जमानत समेत पेश गर्नुपर्नेछ ।दोस्रो बर्षदेखि किस्ता रकम बुझाउँदा कार्यादेश लिँदाको वखत ३५ प्रतिशत रकम पहिलो किस्ता र सोही बर्षको पुष मसान्तमा दोस्रो र चैत्र मसान्तसम्ममा तेस्रो किस्ता रकम बुझाउनुपर्नेछ ।

८. पार्क संचालनको क्रममा अस्थायी प्रकृतिको संरचना निर्माण गर्नुपरेमा पार्कमा भएका स्थायी संरचनाहरुलाई असर नपर्ने गरी सम्झौता गर्ने पक्षले **आफ्नै व्ययभारमा यस कार्यालयको पूर्व लिखित स्वीकृति लिएर मात्र निर्माण/व्यवस्थापन गर्नुपर्नेछ साथै स्वीमिङ पुल र सभाहलमा आवश्यक** पर्ने सामाग्रीहरु नगरपालिकासँग सम्झौता गर्ने पक्षले आफैले व्यवस्थापन/खरिद गर्नुपर्नेछ तर सभाहलमा AC नगरपालिकाले सम्झौताको समय अगावै व्यवस्थपान गरिनेछ ।

९. पार्क भित्र सामाजिक द्धन्द्ध उत्पन्न हुने तथा अन्य सामाजिकरुपमा असर पर्ने क्रियाकलापहरु गर्न गराउन पाइने छैन ।

१०. यसमा उल्लेखित कुराहरु यसै अनुसार र अन्यको हकमा प्रचलित कानून बमोजिम मन्थली नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत